# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, माघ २३ गते २०४० साल (संख्या ४२

श्री ५ को सरकार

## संचार मन्त्रालयको

## सूचना

### छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४०

छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०३९ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०३९ सम्झनुपर्छ ।

(ख) "प्रेस काउन्सिल" भन्नाले ऐनको दफा ३३ अन्तर्गत गठित प्रेस काउन्सिल सम्झनुपर्छ ।

(ग) "निर्देशक" भन्नाले श्री ५ को सरकार, सूचना विभागको निर्देशक सम्झनुपर्छ ।

(घ) "प्रकाशक" भन्नाले पत्र-पत्रिकाको प्रकाशनका मुख्य भै काम गर्ने व्यक्ति सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) "सम्पादक" भन्नाले पत्र-पत्रिकाको सम्पादनमा मुख्य भै काम गर्ने व्यक्ति सम्झनुपर्छ ।

(च) "प्रेसप्रतिनिधि वा समाचारदाता" भन्नाले कुनै विदेशी वा नेपाली पत्र-पत्रिका वा रेडियो वा टेलिभिजन वा फिचर समिति वा प्रेसफोटो सर्भिस वा समाचार समितिको प्रतिनिधि भई वा फ्रिलायन्स पत्रकारको रूपमा नेपाल अधिराज्यभित्र काम गर्न प्रमाणपत्र पाएको नेपाली वा विदेशी नागरिक सम्झनुपर्छ ।

३. <u>छापाखाना दर्ता गराउनु पर्ने :</u> (१) नेपाल अधिराज्यभित्र कुनै छापाखाना राख्न चाहने व्यक्तिले अनुसूची– १ बमोजिमको ढाँचामा स्थानीय पदाधिकारीसमक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि स्थानीय पदाधिकारीले आवश्यक जाँचबुझ गरी ऐनबमोजिम दस्तूर लिई निवेदकलाई अनुसूची– २ बमोजिमको शर्तनामा गराई अनुसूची– ३ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ र त्यस्तो प्रमाणपत्रको एक प्रति सूचना विभागमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रमाणपत्र दिइएको छापाखानाहरूको संक्षिप्त तथा स्पष्ट व्यहोरा स्थानीय पदाधिकारीले अनुसूची– ४ बमोजिमको दर्ता किताबमा उल्लेख गरी राख्नु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम प्रमाणपत्र पाएको व्यक्तिले प्रमाणपत्र पाएको मितिले ६ महीनाभित्रै छापाखाना राख्नु पर्नेछ ।

४. <u>पत्र-पत्रिका दर्ता गराउनु पर्ने :</u> (१) नेपाल अधिराज्यभित्र कुनै पत्र-पत्रिका प्रकाशित गर्न चाहने प्रकाशकले पत्र-पत्रिका प्रकाशित गर्न आवश्यक मुद्रण साधन, प्राविधिक र आर्थिक क्षमता एवं भौतिक साधन भएको प्रमाण संलग्न गरी देहायबमोजिमको दस्तूरसहित अनुसूची– ५ बमोजिमको ढाँचामा स्थानीय पदाधिकारीसमक्ष निवेदन दिनु पर्नेछः–

| | |
|---|---|
| (क) दैनिक समाचारपत्रको लागि | –पाँच सय रूपैयाँ |
| (ख) अर्ध-साप्ताहिक र साप्ताहिक पत्र-पत्रिकाको लागि | –चार सय रूपैयाँ |
| (ग) पाक्षिक पत्र-पत्रिकाको लागि | –तीन सय रूपैयाँ |
| (घ) अरू पत्र-पत्रिकाको लागि | –एक सय रूपैयाँ |

(२) उपनियम (१) बमोजिम निवेदन दिंदा आर्थिक क्षमताको प्रमाणस्वरूप देहायबमोजिमको एक वर्षको बैंक ग्यारेण्टीको निस्सासमेत संलग्न गर्नु पर्नेछः–

| | |
|---|---|
| (क) दैनिक समाचारपत्रको लागि | –रू. ५०,०००।– |
| (ख) अर्ध-साप्ताहिक, साप्ताहिक र पाक्षिक पत्र-पत्रिकाको लागि | –रू. ४०,०००।– |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८६

(ग) अरू पत्र-पत्रिकाको लागि —रु. ५,०००।—

(३) उपनियम (२) बमोजिमको बैंक ग्यारेण्टी प्रत्येक वर्ष नवीकरण गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि स्थानीय पदाधिकारीले आवश्यक जाँचबुझ गरी प्रेस काउन्सिलको रायसमेत लिई निवेदकलाई अनुसूची– ६ बमोजिमको शर्तनामा गराई अनुसूची– ७ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ र त्यस्तो प्रमाणपत्रको एक प्रति सूचना विभागमा पठाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम प्रमाणपत्र दिइएका पत्र-पत्रिकाको संक्षिप्त तथा स्पष्ट व्यहोरा स्थानीय पदाधिकारीले अनुसूची– ८ बमोजिमको दर्ता किताबमा उल्लेख गरी राख्नु पर्नेछ ।

(६) उपनियम (४) बमोजिम प्रमाणपत्र पाएको प्रकाशकले प्रमाणपत्र पाएका मितिले पैंतीस दिनभित्र पत्र-पत्रिका प्रकाशित गरिसक्नु पर्नेछ ।

५. पत्र-पत्रिकाको आकार, पृष्ठ र संख्या: वेहायका पत्र-पत्रिका वेहायको आकार, पृष्ठ र संख्यामा प्रकाशित गर्नु पर्नेछः—

(क) दैनिक समाचारपत्र कम्तिमा १० × १५" को आकारमा चार पृष्ठमा नघटाई प्रत्येक अंकमा तीन सय प्रतिका दरले ।

(ख) अन्य समाचारपत्र र समाचारपत्रिका सामान्यतः १० × १५" को आकारमा चार पृष्ठमा नघटाई प्रत्येक अंकमा दुई सय प्रतिका दरले ।

(ग) अन्य पत्र-पत्रिका सामान्यतः ६ × ९" को आकारमा आठ पृष्ठमा नघटाई प्रत्येक अंकमा एक सय प्रतिका दरले ।

६. पत्र-पत्रिकाको न्यूनतम अंक : देहायका पत्र-पत्रिकाले प्रत्येक ६ महीनामा देहायबमोजिमको न्यूनतम अंक प्रकाशित गर्नु पर्नेछ :—

| | |
|---|---|
| (क) दैनिक समाचारपत्र | १४५ अंक |
| (ख) अर्ध-साप्ताहिक पत्र-पत्रिका | ४० अंक |
| (ग) साप्ताहिक पत्र-पत्रिका | २२ अंक |
| (घ) पाक्षिक पत्र-पत्रिका | १० अंक |
| (ङ) मासिक पत्र-पत्रिका | ५ अंक |
| (च) द्वैमासिक पत्र-पत्रिका | ३ अंक |
| (छ) त्रैमासिक पत्र-पत्रिका | २ अंक |

७. विशेष परिस्थितिमा प्रकाशन स्थगित गर्न सकिने : (१) कुनै पत्र-पत्रिका विशेष कारणले गर्दा नियमित रूपले प्रकाशित गर्न नसकिने अवस्था पर्न आएमा प्रकाशकले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्तो पत्र-पत्रिकाको प्रकाशन केही समयको लागि स्थगित गर्ने अनुमतिको लागि स्थानीय पदाधिकारीसमक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय पदाधिकारीले सो निवेदनमा उल्लिखित कारण मनासिब देखेमा देहायको पत्र-पत्रिकाको प्रकाशन प्रत्येक ६ महीनामा देहायको अंकमा नघट्ने गरी स्थगित राख्न अनुमति दिन सक्नेछः–

| | | |
|---|---|---|
| (क) | दैनिक समाचारपत्र | १०० अंक |
| (ख) | अर्ध-साप्ताहिक पत्र-पत्रिका | ३२ अंक |
| (ग) | साप्ताहिक पत्र-पत्रिका | १८ अंक |
| (घ) | पाक्षिक पत्र-पत्रिका | ८ अंक |
| (ङ) | मासिक पत्र-पत्रिका | ४ अंक |
| (च) | द्वैमासिक पत्र-पत्रिका | २ अंक |
| (छ) | त्रैमासिक पत्र-पत्रिका | १ अंक |

(३) उपनियम (२) बमोजिम अनुमति दिएको कुराको सूचना त्यसरी अनुमति दिएको मितिले तीस दिनभित्र स्थानीय पदाधिकारीले प्रेस काउन्सिल र सूचना विभागलाई दिनु पर्नेछ ।

८. प्रकाशक, सम्पादक र छापाखानाको नाम उल्लेख गर्नु पर्ने : (१) पत्र-पत्रिकाको पहिलो पृष्ठको शिरमा स्थानीय पदाधिकारीबाट दिइएको दर्ता नम्बर र अन्तिम पृष्ठको पुछारमा वा सम्पादकीय लहर (कालम) को शिरमा प्रकाशक, सम्पादक, मुद्रक र छापाखानाको नाम स्पष्ट बुझिने गरी छाप्नु पर्नेछ ।

(२) पत्र-पत्रिकाको पहिलो र अन्तिम पृष्ठको शिरमा सो पत्र-पत्रिकाको नाम ठूलो अक्षरमा, पत्र-पत्रिकाको प्रकार, वर्ष, अंक, मिति र मूल्य सानो अक्षरमा र अरू प्रत्येक पृष्ठको शिरमा पत्र-पत्रिकाको नाम स्पष्ट बुझिने गरी छाप्नु पर्नेछ ।

(३) किताब, लिखित पत्र र अन्य मुद्रित सामग्रीहरू प्रकाशित गर्दा प्रकाशक, सम्पादक, लेखक, अनुवादक, मुद्रक, छापाखाना र कपिराइट पाउने व्यक्तिको नामको साथै सो संस्करणमा छापिएको कूल प्रति र बिक्री हुने मूल्य भित्री आवरण पृष्ठमा स्पष्ट बुझिने गरी छाप्नु पर्नेछ ।

९. प्रतिबन्धित पत्र-पत्रिकासँगको सम्बन्ध देखिने गरी प्रकाशित गर्न नहुने : पत्र-पत्रिकाले कुनै प्रतिबन्धित पत्र-पत्रिकाको नाम राखी त्यस्तो प्रतिबन्धित पत्र-पत्रिकासँगको सम्बन्ध देखिने गरी प्रकाशित गर्न हुँदैन ।

१०. विज्ञापन वा प्रचार सामग्री पेश गर्नु पर्ने : (१) पत्र-पत्रिकाले विदेशी सरकार, संघ, संस्था वा नागरिक वा अन्तर्राष्ट्रिय संघ संस्थाको देहायको विषयसम्बन्धी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४CC

विज्ञापन वा प्रचार सामग्री प्रकाशित गर्न ऐनको दफा २५ बमोजिम श्री ५ को सरकारको स्वीकृतिको लागि सम्बन्धित विज्ञापन वा प्रचार सामग्रीसमेत संलग्न गरी निर्देशकसमक्ष निवेदन गर्नु पर्नेछ ।

(क) नेपालको परराष्ट्र नीतिमा असर पर्ने विषय,

(ख) अन्य मुलुकको परराष्ट्र नीतिको प्रचारसम्बन्धी विषय,

(ग) मित्रराष्ट्रसितको सम्बन्धमा प्रतिकूल असर पर्ने विषय,

(घ) कुनै वर्गको धर्मलाई होच्याउने वा प्रतिकूल प्रभाव पर्ने विषय ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन निर्देशकले आफ्नो सिफारिश सहित श्री ५ को सरकारसमक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निर्देशकको सिफारिशसहित निवेदन प्राप्त भएपछि श्री ५ को सरकारले त्यस्तो विज्ञापन वा प्रचार सामग्री प्रकाशित गर्न उपयुक्त देखेमा स्वीकृति दिन सक्नेछ ।

११. आम्दानी खर्चको लेखा: प्रकाशकले आफ्नो पत्र-पत्रिकाको आम्दानी खर्चको लेखा राख्नु पर्नेछ र प्रत्येक वर्ष लेखापरीक्षकबाट लेखापरीक्षण गराई त्यसको प्रतिवेदन आश्विन मसान्तसम्ममा स्थानीय पदाधिकारीमार्फत प्रेस काउन्सिल र सूचना विभागमा पठाउनु पर्नेछ ।

१२. प्रकाशन स्थगित गर्न सकिने : प्रकाशकले नियम ४ को उपनियम (६), नियम ५,६, ९ र ११ तथा अनुसूची–६ बमोजिमको शर्तनामा विपरीत कुनै कार्य गरेमा श्री ५ को सरकारले अवधि तोकी त्यस्तो पत्र-पत्रिकाको प्रकाशन स्थगित गर्न सक्नेछ ।

१३. प्रमाणपत्र लिनु पर्ने : (१) प्रेसप्रतिनिधि वा समाचारदाताको रूपमा काम गर्न चाहने व्यक्तिले अनुसूची– ९ बमोजिमको ढाँचामा आफ्नो पासपोर्ट साइजको दुई प्रति फोटोसहित निर्देशकसमक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिने व्यक्ति नेपाली नागरिक वा जुन मुलुकको पत्र-पत्रिका वा रेडियो वा टेलिभिजन वा फिचर समिति वा प्रेसफोटो सर्भिस वा समाचार समितिको प्रतिनिधि हुने हो सोही मुलुकको नागरिक वा नेपाली नागरिक हुनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम निवेदन दिने व्यक्तिले ऐनबमोजिम आफ्नो पत्र-पत्रिका दर्ता गराएको भए सो दर्ता नम्बर समेत निवेदनमा उल्लेख गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम निवेदन दिने व्यक्तिले सम्बन्धित पत्र-पत्रिकाको सम्पादक, प्रकाशक, समाचार समिति, रेडियो, टेलिभिजन, फिचर समिति वा सम्बन्धित निकायको व्यवस्थापक वा कार्यालय प्रमुखको सिफारिश निवेदनसाथ पेश गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपनियम (१) बमोजिम प्राप्त निवेदन निर्देशकले आफ्नो रायसहित श्री ५ को सरकारसमक्ष पेश गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम निवेदन प्राप्त भएपछि श्री ५ को सरकारले ऐनको दफा ३५ को उपदफा (२) बमोजिम प्रेस काउन्सिलको सिफारिशमा अनुसूची – १० बमोजिमको प्रमाणपत्र दिनु पर्नेछ ।

१४. प्रमाणपत्रको दस्तूर र नवीकरण : (१) प्रेसप्रतिनिधि वा समाचारदाताको प्रमाणपत्र बापत पचास रूपैयाँ दस्तूर बुझाउनु पर्नेछ ।

(२) प्रेसप्रतिनिधि वा समाचारदाताको प्रमाणपत्र एक आर्थिक वर्ष (श्रावण १ गतेदेखि अर्को सालको आषाढ मसान्त) सम्म बहाल रहनेछ ।

(३) प्रेसप्रतिनिधि वा समाचारदाताको प्रमाणपत्रको अवधि भुक्तान भएको मितिले तीस दिनभित्र पच्चीस रूपैयाँ दस्तूर तिरी प्रमाणपत्रको नवीकरण गराउनु पर्नेछ ।

(४) तीस दिनपछि नवीकरण गराउन आएमा एक सय पचास दिनसम्म प्रत्येक दिनका लागि एक रूपैयाँका दरले अतिरिक्त दस्तूर लिई नवीकरण गरिदिनु पर्नेछ ।

(५) एक सय पचास दिनसम्ममा पनि नवीकरण नगराउने प्रेसप्रतिनिधि वा समाचारदाताको प्रमाणपत्र स्वतः खारेज भएको मानिनेछ ।

(६) प्रेसप्रतिनिधि वा समाचारदाताले आफ्नो प्रमाणपत्र नवीकरण गराउनु पर्दा नियम १३ को उपनियम (४) बमोजिमको सिफारिश पुनः पेश गर्नु पर्नेछ ।

(७) विदेशी नागरिकले पाएको प्रेसप्रतिनिधि वा समाचारदाताको प्रमाणपत्र साधारणतः चार पटकभन्दा बढी नवीकरण गरिनेछैन ।

१५. प्रेसप्रतिनिधि वा समाचारदाताको कार्यक्षेत्र : (१) नेपाली प्रेसप्रतिनिधि वा समाचारदाताको कार्यक्षेत्र नेपाल अधिराज्यभरि हुनेछ ।

(२) विदेशी प्रेसप्रतिनिधि वा समाचारदाताको कार्यक्षेत्र काठमाडौं उपत्यकामा मात्र सिमित हुनेछ ।

(३) विदेशी प्रेसप्रतिनिधि वा समाचारदाताले नेपाल अधिराज्यको काठमाडौं उपत्यकाबाहेक अन्य कुनै भागमा जान चाहेमा त्यसको कारण उल्लेख गरी निर्देशकसमक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम निवेदन प्राप्त भएपछि निर्देशकले आवश्यक जाँचबुझ गरी मनासिब देखेमा म्याद तोकी निवेदकलाई छुट्टै अस्थायी प्रमाणपत्र दिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम अस्थायी प्रमाणपत्र पाउने विदेशी प्रेसप्रतिनिधि वा समाचारदाताले सोही प्रमाणपत्रमा तोकिएको म्याद समाप्त भएपछि सो प्रमाणपत्र निर्देशककहाँ फिर्ता गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५०

१६. अस्थायी प्रमाणपत्र दिन सकिने : (१) कुनै व्यक्तिले कुनै खास समारोह वा कामको लागि प्रेसप्रतिनिधि वा समाचारदाताको अस्थायी प्रमाणपत्र लिन चाहेमा वा कुनै प्रेसप्रतिनिधि वा समाचारदाताको अनुपस्थितिमा निजको कार्यभार सह्माल्न चाहेमा निजले नियम १३ को उपनियम (४) बमोजिमको सिफारिश र आफ्नो पासपोर्ट साइजको दुई प्रति फोटोसहित निर्देशकसमक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि निर्देशकले आवश्यक जाँचबुझ गरी मनासिब देखेमा निवेदकलाई अस्थायी प्रमाणपत्र दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम दिइने अस्थायी प्रमाणपत्रको अवधि तथा अन्य शर्तहरू सोही प्रमाणपत्रमा तोकिएबमोजिम हुनेछन् र त्यस्तो प्रमाणपत्रको लागि नियम १४ बमोजिमको दस्तूर लाग्नेछ ।

१७. प्रमाणपत्रहरू व्यक्तिगत हुने : (१) यस नियमावलीबमोजिम कुनै व्यक्तिलाई दिइएका प्रेसप्रतिनिधि वा समाचारदाताको प्रमाणपत्र सोही व्यक्तिबाहेक अरू कसैले उपयोग गर्न पाउनेछैन ।

(२) कुनै प्रेसप्रतिनिधि वा समाचारदाताले सम्बन्धित संस्था वा पत्र-पत्रिकाको प्रतिनिधित्व गर्ने काम छोडेमा निज स्वयंले वा सम्बन्धित संस्थाको व्यवस्थापक वा पत्र-पत्रिकाको सम्पादकले एक हप्ताभित्र निर्देशकलाई सूचना दिई प्राप्त प्रमाणपत्रसमेत फिर्ता गर्नु गराउनु पर्नेछ ।

१८. निलम्बन वा खारेज गर्न सकिने : (१) श्री ५ को सरकारले देहायको अवस्थामा प्रेसप्रतिनिधि वा समाचारदाताको प्रमाणपत्र जुनसुकै बखत निलम्बन वा खारेज गर्न सक्नेछः–

(क) आफ्नो व्यवसाय अनुकूल आचरण नगरेमा,

(ख) श्री ५ को सरकारबाट प्रदान गरिएको सहूलियतको दुरुपयोग गरेमा,

(ग) जानीजानी असत्य, भ्रामक वा द्वेषपूर्ण समाचारहरू पठाउने गरेमा,

(घ) आचार संहिता उल्लंघन गरी समाचार पठाउने गरेको प्रमाणित भएमा।

१९. सफाइको मौका दिने : नियम १२ बमोजिम श्री ५ को सरकारले कुनै पत्र-पत्रिकाको प्रकाशन स्थगित गर्दा सम्बन्धित पत्र-पत्रिकाको प्रकाशकलाई सफाइको सबूद पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

२०. सूचना दिनु पर्ने : (१) श्री ५ को सरकारले ऐनबमोजिम कुनै पत्र-पत्रिकाको प्रमाण-पत्र रद्द गरेकोमा वा अन्य कुनै कारवाई वा सजाय गरेकोमा वा नियम १२ बमोजिम कुनै पत्र-पत्रिकाको प्रकाशन स्थगित गरेकोमा त्यसको सूचना प्रेस काउन्सिललाई दिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) स्थानीय पदाधिकारीले ऐनबमोजिम कुनै पत्र-पत्रिकालाई कुनै कारवाई वा सजाय गरेकोमा त्यसको सूचना प्रेस काउन्सिल र सूचना विभागलाई दिनु पर्नेछ ।

२१. सुझाव दिने : प्रेस काउन्सिलले प्रचलित पत्र-पत्रिकाको गतिविधि एवं वस्तुस्थितिबारे अध्ययन र मूल्यांकन गरी प्रत्येक छ महीनामा श्री ५ को सरकारलाई आफ्नो रायसहित सुझाव दिनेछ ।

२२. मूल्यांकन समिति : पत्र-पत्रिकालाई पुरस्कार, आर्थिक सहयोग वा अन्य सुविधा वा सहूलियत उपलब्ध गराउने प्रयोजनको लागि पत्र-पत्रिकाको मूल्यांकन गर्न देहायबमोजिमको मूल्यांकन समिति गठन गरिएको छः–

(क) सचिव, संचार मन्त्रालय – अध्यक्ष
(ख) अध्यक्ष, नेपाल पत्रकार संघ – सदस्य
(ग) श्री ५ को सरकारले तोकेको व्यक्ति दुई जना – सदस्य
(घ) निर्देशक, सूचना विभाग – सदस्य-सचिव

२३. पत्र-पत्रिकाको मूल्यांकन : मूल्यांकन समितिले नियम२१बमोजिमको प्रेस काउन्सिलको सुझाव, यस नियमावलीका अन्य कुराहरू र देहायका आधारमा समेत पत्र-पत्रिकाको मूल्यांकन गर्नु पर्नेछः–

(क) पत्र-पत्रिकाको मुद्रित संख्या,
(ख) पत्र-पत्रिकाको वितरित संख्या, क्षेत्र र व्यापकता,
(ग) राष्ट्र, राष्ट्रियता र सार्वभौमिकताको भावनात्मक विकासमा योगदान,
(घ) श्री ५ महाराजाधिराज र राजपरिवारको मान प्रतिष्ठा बढाउनमा योगदान,
(ङ) नेपालको संविधानको मूलभूत सिद्धान्तको सम्बर्द्धन ।

२४. पुरस्कार : (१) श्री ५ को सरकारले पत्र-पत्रिकालाई सम्मानस्वरूप देहायबमोजिम पुरस्कार दिन सक्नेछः–

(क) प्रथम पुरस्कार – रू. ५०,०००।–
(ख) द्वितीय पुरस्कार – रू. २५,०००।–
(ग) तृतीय पुरस्कार – रू. १५,०००।–

(२) देहायबमोजिमको पत्र-पत्रिकामध्ये मूल्यांकन समितिले उत्कृष्ट ठहऱ्याएको कुनै एक पत्र-पत्रिकालाई श्री ५ को सरकारले प्रथम पुरस्कार दिनेछः–

(क) कम्तीमा दश वर्ष अघिदेखि अटूट रूपमा प्रकाशित,
(ख) कम्तीमा प्रतिअङ्क पाँच हजार प्रतिभन्दा बढी छापिएको,
(ग) पचहत्तरै जिल्लामा वितरण भएको,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) राजसंस्था र राष्ट्रको गरिमा बढाउने, जनताको चारित्रिक उत्थानको साथै नैतिक तथा मनोबल उठाउने सामग्री छापिएको,

(ङ) अधिकतम गाउँ पञ्चायतमा वितरण भएको ।

(३) देहायबमोजिमको पत्र-पत्रिकामध्ये मूल्यांकन समितिले उत्कृष्ट ठहऱ्याएको कुनै एक पत्र-पत्रिकालाई श्री ५ को सरकारले द्वितीय पुरस्कार दिनेछः–

(क) कम्तीमा पाँच वर्षअघि देखि अटूट रूपमा प्रकाशित,

(ख) कम्तीमा प्रतिअङ्क तीन हजार प्रति छापिएको,

(ग) चौधै अञ्चलमा वितरण भएको,

(घ) राजसंस्था र राष्ट्रको गरिमा बढाउने, जनताको चारित्रिक उत्थानको साथै नैतिक तथा मनोबल उठाउने सामग्री छापिएको,

(ङ) अधिकतम जिल्लाहरूमा वितरण भएको ।

(४) देहायबमोजिमको पत्र-पत्रिकामध्ये मूल्यांकन समितिले उत्कृष्ट ठहऱ्याएको कुनै एक पत्र-पत्रिकालाई श्री ५ को सरकारले तृतीय पुरस्कार दिनेछः–

(क) कम्तीमा एक वर्षअघि देखि अटूट रूपमा प्रकाशित,

(ख) कम्तीमा प्रतिअङ्क एक हजारदेखि तीन हजार प्रति छापिएको,

(ग) कम्तीमा दश अञ्चलमा वितरण भएको,

(घ) राजसंस्था र राष्ट्रको गरिमा बढाउने, जनताको चारित्रिक उत्थानको साथै नैतिक तथा मनोबल उठाउने सामग्री छापिएको ।

२५. श्रेणी विभाजन: पत्र-पत्रिकालाई आर्थिक सहयोग दिने प्रयोजनको लागि नियम २३ बमोजिम गरेको मूल्यांकनको आधारमा मूल्यांकन समितिले प्रत्येक वर्ष पत्र-पत्रिकालाई "क", "ख" र "ग" गरी तीन श्रेणीमा विभाजन गर्नेछ ।

२६. आर्थिक सहयोग: (१) श्री ५ को सरकारले "क" र "ख" श्रेणीमा परेको देहायका पत्र-पत्रिकालाई प्रत्येक वर्ष देहायबमोजिमको आर्थिक सहयोग दिन सक्नेछः–

| पत्र-पत्रिका | श्रेणी र आर्थिक सहयोग "क" | श्रेणी र आर्थिक सहयोग "ख" |
|---|---|---|
| दैनिक | रू. १२,०००।– | रू. ८,०००।– |
| साप्ताहिक | रू. ८,०००।– | रू. ५,०००।– |
| पाक्षिक | रू. ६,०००।– | रू. ५,०००।– |
| मासिक | रू. ५,०००।– | रू. ४,०००।– |
| त्रैमासिक | रू. ५,०००।– | रू. ४,०००।– |
| अर्ध-वार्षिक | रू. ५,०००।– | रू. ३,०००।– |
| वार्षिक | रू. ३,०००।– | रू. २,०००।– |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) "ग" श्रेणीमा परेका पत्र-पत्रिकालाई श्री ५ को सरकारले "ख" श्रेणीमा परेका पत्र-पत्रिकालाई दिइने आर्थिक सहयोगभन्दा बढी नहुने गरी आर्थिक सहयोग दिनसक्नेछ ।

२७. अन्य सुविधा वा सहयोगः (१) पत्र-पत्रिकाको संस्थागत विकासको लागि छापाखाना राख्न वा छापाखानाको आधुनिकीकरण गर्न आवश्यक सुविधा वा सहयोगको लागि कुनै प्रकाशकले निर्देशकसमक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन निर्देशकले आफ्नो सिफारिश-सहित श्री ५ को सरकारसमक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निर्देशकको सिफारिशसहित निवेदन प्राप्त भएपछि श्री ५ को सरकारले प्रेस काउन्सिलको राय लिई "क" श्रेणीमा परेका पत्र-पत्रिकामध्ये बढीमा तीनवटा र "ख" श्रेणीमा परेका पत्र-पत्रिकामध्ये बढीमा पाँचवटा पत्र-पत्रिकालाई त्यस्तो पत्र-पत्रिकाले पालन गर्नु पर्ने शर्तहरू तोकी आवश्यक सुविधा वा सहयोग उपलब्ध गराई दिन सक्नेछ ।

२८ विज्ञापन वा प्रचार सामग्रीः (१) श्री ५ को सरकारको विज्ञापन वा प्रचार सामग्री प्राप्त गर्नको लागि पत्र-पत्रिकाले निर्देशकसमक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन निर्देशकले आफ्नो सिफारिश-सहित श्री ५ को सरकारसमक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निर्देशकको सिफारिशसहित निवेदन प्राप्त भएपछि श्री ५ को सरकारले ऐन र यस नियमावलीबमोजिम पालन गर्नु पर्ने सम्पूर्ण शर्तहरू पालन गर्ने कम्तीमा ६ महीनाअघि देखि प्रकाशित भैरहेको पत्र-पत्रिकाहरूलाई समान रूपमा श्री ५ को सरकारको विज्ञापन वा प्रचार सामग्री उपलब्ध गराई दिन सक्नेछ ।

२९ सुविधा तथा सहूलियत नपाउने: कुनै प्रकाशकले यस नियमावली विपरीत कुनै कार्य गरेमा श्री ५ को सरकारले त्यस्तो पत्र-पत्रिकालाई यस नियमावलीबमोजिम दिइने आर्थिक सहयोग, विज्ञापन र अन्य सुविधा तथा सहूलियत स्थगित वा बन्द गर्न सक्नेछ ।

३०. खारेजी र बचाउ: (१) देहायका नियमहरू खारेज गरिएका छन्:–

(क) छापाखाना र प्रकाशनसम्बन्धी (धरौट दाखिल गर्ने) नियमहरू, २०२७

(ख) प्रेस (निर्वाचन कार्यविधि) नियमावली, २०३०

(ग) प्रेसप्रतिनिधि प्रमाणपत्र नियमहरू, २०३२

(घ) छापाखाना र प्रकाशन रजिष्ट्रेशन नियमावली, २०३४

(२) यो नियमावली प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानूनबमोजिम पाएका प्रमाणपत्रहरू यो नियमावलीअन्तर्गत नै पाएसरह मानिनेछ ।

४५४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

### अनुसूची–१
(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

छापाखाना राख्नको लागि दिइने निवेदनको ढाँचा

फोटो

श्रीमान्

महाशय,

म । हामी.................. नाममा छापाखाना राख्न इच्छुक भएकोले यो निवेदनपत्र पेश गरेको छु । छौं । मेरो । हाम्रो ... ... ... ... ... दुई प्रति फोटो र श्री ५ को सरकार, उद्योग विभागबाट प्राप्त ट्रेडमार्क यसैसाथ संलग्न छ । उक्त छापाखाना राख्न प्रमाणपत्र पाउँ ।

सो छापाखाना देहायको स्थानमा राखिनेछ र छापाखानाको किसिम देहाय-बमोजिम हुनेछः–

| छापाखाना राख्ने स्थान | छापाखानाको किसिम |
|---|---|
| (क) वडा नं.:– | (क) |
| (ख) पञ्चायतः– | (ख) |
| (ग) जिल्लाः– | (ग) |
| (घ) अञ्चलः– | (घ) |

ठेगानाः–
स्थायीः–
अस्थायीः–

भवदीय,

सहीः–
नाम, थरः–
मितिः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**अनुसूची–२**

**(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)**

**शर्तनामा**

म। हामीले ........................................................................ ठाउँमा छापाखाना राखी चलाउने प्रमाणपत्र पाएमा प्रमाणपत्र पाएको मितिले ६ महीनाभित्र छापाखाना राख्नेछु। छौं। सो छापाखाना चलाउँदा छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०३९ तथा छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४० को साथै ऐनअन्तर्गत बनेका नियम, आदेश, सूचना तथा अन्य प्रचलित नेपाल कानूनको अधीनमा रही काम गर्नेछु। गर्नेछौं। कुनै कारणवश म। हामीले नियम ३ को उपनियम (१) बमोजिम दिएको निवेदनमा उल्लेखित विवरणमा पछि कुनै अदल बदल भएमा त्यसको सूचना तुरुन्त दिनेछु। छौं।

मितिः–

छापाखानाधनीको सहीः–

नाम, थरः–

ठेगानाः–

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२
(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)
शर्तनामा

म । हामीले
ठाउँमा छापाखाना राखी चलाउने प्रमाणपत्र पाएमा प्रमाणपत्र पाएको मितिले ६ महीनाभित्र छापाखाना राख्नेछु । छौं । सो छापाखाना चलाउँदा छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०३९ तथा छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४० को साथै ऐनअन्तर्गत बनेका नियम, आदेश, सूचना तथा अन्य प्रचलित नेपाल कानूनको अधीनमा रही काम गर्नेछु । गर्नेछौं । कुनै कारणवश म । हामीले नियम ३ को उपनियम (१) बमोजिम दिएको निवेदनमा उल्लेखित विवरणमा पछि कुनै अदल बदल भएमा त्यसको सूचना तुरुन्त दिनेछु । छौं ।

मितिः–

छापाखानाधनीको सहीः–
नाम, थरः–
ठेगानाः–

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–४

(नियम ३ को उपनियम (३) सँग सम्बन्धित)

छापाखाना दर्ता किताब

श्रा. व. . . . . . . . . . .

| दर्ता नं. | छापाखानाको नाम | छापाखानाधनीको नाम | छापाखानाधनीको ठेगाना | मुख्य मेशीनहरूको विवरण | कैफियत |
| --- | --- | --- | --- | --- | --- |
| | | | | | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२८

अनुसूची – ५
(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)
पत्र-पत्रिका प्रकाशित गर्नको लागि दिइने निवेदनको ढाँचा

श्रीमान् ... ... ... ...
... ... ... ...

महाशय,

म । हामी ... ... ... ... ... ... ... ... ... तल लेखिएबमोजिमको पत्र-पत्रिका ... ... ... ... ... ... ... ... ... छापाखानामा छापी प्रकाशन गर्न इच्छुक भएकोले मेरो । हाम्रो दुई प्रति फोटो र श्री ५ को सरकार, उद्योग विभागबाट प्राप्त ट्रेडमार्क र पत्र-पत्रिका प्रकाशित गर्न आवश्यक मुद्रण साधन, प्राविधिक र आर्थिक क्षमता एवं भौतिक साधन भएको प्रमाण र अन्य आवश्यक कागजपत्र यसैसाथ संलग्न छ । उक्त पत्र-पत्रिका प्रकाशित गर्न प्रमाणपत्र पाउँ ।

पत्र-पत्रिकाको विवरण

(क) नामः–
(ख) पत्र-पत्रिकाको किसिमः–
(ग) स्वामित्वको किसिमः–
(घ) भाषाः–
(ङ) विषयः–
(च) संस्करण वा कुन कुन दिन प्रकाशित हुनेः–
(छ) आकार (साइज):–
(ज) पृष्ठसंख्याः–
(झ) छापिने न्यूनतम प्रतिः–
(ञ) प्रकाशकको नाम र ठेगानाः–
(ट) सम्पादकको नाम र ठेगानाः–
(ठ) सम्पादकको योग्यताः–
(ड) संलग्न व्यक्तिहरूको संख्या र योग्यताः–
(ढ) मुद्रकको नाम र ठेगानाः–
(ण) पूंजी लगानीः–
(त) पत्र-पत्रिकाका कार्यालय रहने स्थानः–
(क) स्थायी
(ख) अस्थायी

ठेगानाः–
मितिः–

भवदीय,

सहीः–
नाम, थरः–

द्रष्टव्यः– सम्पादकको योग्यता शर्तनामामा उल्लेख भएबमोजिमको हुनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – ६
### (नियम ४ को उपनियम (४) सँग सम्बन्धित)
### शर्तनामा

म । हामीहरूले ... ... ... ... ... पत्र-पत्रिकाको प्रकाशन गर्ने प्रमाणपत्र पाएका मितिले पन्ध्र दिनभित्र पत्र-पत्रिका प्रकाशित गर्नेछु । छौं । पत्र-पत्रिकाको प्रकाशन गर्दा छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०३९ तथा छापाखाना-सम्बन्धी नियमावली, २०४० को साथै सो ऐनअन्तर्गत बनेको अन्य नियम, आदेश तथा सूचना तथा अन्य प्रचलित कानूनको अधीनमा रही आफूले प्राप्त गरेको प्रमाणपत्रमा उल्लेखित आकार, पृष्ठसंख्या, छाप्नु पर्ने प्रतिहरू निश्चित तिथीमा प्रकाशित गर्नेछु । गर्नेछौं । देहायका योग्यता पुगेका सम्पादक राख्नेछु । छौं । कुनै कारणवश म । हामीले नियम ४ को उपनियम (१) बमोजिम दिएको निवेदनमा उल्लेखित विवरणमा पछि कुनै अदल बदल भएमा त्यसको सूचना तुरुन्त दिनेछु । छौं । साथै तपसीलबमोजिमको विवरण प्रत्येक वर्ष आश्विन मसान्तभित्र स्थानीय पदाधिकारीमार्फत प्रेस काउन्सिल र सूचना विभागमा दाखिला गर्नेछु । छौं ।

### सम्पादकको योग्यता

(क) त्रिभुवन विश्वविद्यालय वा श्री ५ को सरकारबाट मान्यता प्राप्त कुनै स्वदेशी वा विदेशी शिक्षण संस्थाबाट पत्रकारिता विषयमा प्रमाणपत्र हासिल गरेको, वा

(ख) कुनै एक वा विभिन्न पत्र-पत्रिकामा स्वीकृत सम्वाददाता भई कम्तीमा पाँच वर्ष काम गरेको ।

(ग) श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्व भएको संचारसम्बन्धी काम गर्ने निकायमा रही कम्तीमा दुई वर्ष समाचार संकलन वा सम्पादन गर्ने कार्य गरेको ।

### तपसील

१. प्रकाशकको नाम र ठेगानाः–
२. सम्पादकको नाम र ठेगानाः–
३. मुद्रकको नाम र ठेगानाः–
४. दर्ता मितिः–

| ५. प्रकाशनको किसिम | गर्नुपर्ने अङ्क वर्षभरिमा प्रकाशित | कूल प्रकाशित अङ्क | प्रकाशित अङ्क वर्ष भरिमा प्रकाशित गर्नु पर्ने अङ्कभन्दा कम भएमा त्यसको कारण | कैफियत |
|---|---|---|---|---|
| | | | | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| ६. जम्मा ग्राहक संख्या | वितरण प्रणाली | | | |
|---|---|---|---|---|
| | हुलाकद्वारा | निजी हलकारा | खुद्रा | संख्या घटबढ भएमा त्यसको कारणहरू |
| | | | | |

| ७. जम्मा कर्मचारीहरू | आंशिक समय काम गर्ने | पूरा समय काम गर्ने | अन्य |
|---|---|---|---|
| | | | |

८. सुधार,–

| विकाससम्बन्धी | व्यवस्थापन | भौतिक सुविधा | अरू आयोजना | लगानी निजी | अन्य |
|---|---|---|---|---|---|
| | | | | | |

९. लेखापरीक्षण,–

| लेखापरीक्षण भएको नभएको | लेखापरीक्षण नभएको भए त्यसको कारण | कैफियत |
|---|---|---|
| | | |

१०. अरू विवरण,–

| कुनै कानूनी कार्यवाही चलेको भए सोको विवरण | | | वर्तमान स्थिति |
|---|---|---|---|
| जनाउ पाएको | स्पष्टीकरण मागिएको | कार्यवाही भएको | |
| | | | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०५

अनुसूची – ७

(नियम ४ को उपनियम (४) सँग सम्बन्धित)

पत्र-पत्रिका प्रकाशित गर्ने प्रमाणपत्र

श्री ... ... ... ... ... ...

पत्र संख्याः–

दर्ता नं.:–

फोटो

महाशय,

तपाईंको । तपाइँहरूको पत्र-पत्रिका प्रकाशित गर्न पाउँ भन्ने निवेदनको आधारमा देहायबमोजिमको पत्रपत्रिका                    छापाखानामा छापी प्रकाशित गर्न यो प्रमाणपत्र दिइएको छ ।

पत्र-पत्रिकाको विवरण

(क) नामः–

(ख) पत्र-पत्रिकाको किसिमः–

(ग) स्वामित्वको किसिमः–

(घ) भाषाः–

(ङ) विषयः–

(च) संस्करण वा कुन कुन दिन प्रकाशित हुनेः–

(छ) आकार (साइज):–

(ज) पृष्ठसंख्याः–

(झ) छापिने न्यूनतम प्रतिः–

(ञ) सम्पादकको नाम र ठेगानाः–

(ट) सम्पादकको योग्यताः–

(ठ) प्रकाशकको नाम र ठेगानाः–

(ड) मुद्रकको नाम र ठेगानाः–

(ढ) पत्र-पत्रिकाको कार्यालय रहने स्थानः–

(क) वडा नं:–

(ख) पञ्चायतः–

(ग) जिल्लाः–

(घ) अञ्चलः–

भवदीय,

स्थानीय पदाधिकारीको सही

पूरा नामः–

दर्जाः–

कार्यालयः–

मितिः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – ८
(नियम ४ को उपनियम (५) सँग सम्बन्धित)

पत्र-पत्रिका दर्ता किताबः–

आ. व.:–

| दर्ता नं. | पत्र-पत्रिकाको नाम | किसिम | भाषा | छापिने आकार पृष्ठसंख्या र न्यूनतम प्रति | प्रकाशित हुने ठाउँ | सम्पादकको नाम, ठेगाना | प्रकाशनको नाम, ठेगाना | मुद्रकको नाम, ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०२

**अनुसूची – ९**

(नियम १३ को उपनियम (१) सँग सम्बन्धित)

प्रेसप्रतिनिधि वा समाचारदाताको प्रमाणपत्रको
लागि दिइने निवेदनपत्रको ढाँचा

फोटो

श्री निर्देशक,
सूचना विभाग,
काठमाडौं, नेपाल ।

महाशय,

म ... ... ....... ... को तर्फबाट ... ... ... भई नेपाल अधिराज्यभर वा ... ... ... ... जिल्लामा मिति ... ... ... ... देखि ........... सम्म काम गर्न इच्छुक भएकोले छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४० बमोजिमको प्रेसप्रतिनिधि वा समाचारदाताको स्थायी । अस्थायी प्रमाणपत्र पाउन निवेदन गरेको छु ।

उक्त नियमावलीबमोजिम पेश गर्नुपर्ने निम्नलिखित कागजातहरूसमेत यसैसाथ संलग्न छ ।

निवेदक,

१. सही:–
२. नाम, थर:–
३. नागरिकता:–
४. ठेगाना (क) स्थायी:–
५. (ख) अस्थायी:–
६.
मिति:–

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०४

अनुसूची – १०
(नियम १३ को उपनियम (६) सँग सम्बन्धित)

श्री ५ को सरकार
संचार मन्त्रालय
सूचना विभाग

फोटो

प्रमाणपत्र संख्याः–

## प्रेसप्रतिनिधि वा समाचारदाताको प्रमाणपत्र

प्रेसप्रतिनिधि वा समाचारदाता भई काम गर्न यो प्रमाणपत्र दिइएको छ ।

१. प्रमाणपत्र पाउने व्यक्तिको नाम, थरः–

२. ठेगानाः– (क) स्थायीः–
(ख) अस्थायीः–

३. प्रमाणपत्र पाउने व्यक्तिले गर्ने कामः–

४. प्रमाणपत्र पाउने व्यक्तिले काम गर्ने स्थानः– (क) स्थायीः–
(ख) अस्थायीः–

५. प्रमाणपत्रको अवधिः–

६. प्रमाणपत्र नवीकरण गर्नुपर्ने मितिः–

७. पत्र-पत्रिका वा संस्थाको नामः-

८. अस्थायी प्रमाणपत्रहरूका शर्तहरूः–

मितिः–

प्रमाणपत्र दिने अधिकारीको सहीः–
नामः–
दर्जाः–
कार्यालयः–

प्रमाणपत्रलाई निम्न मितिसम्मको लागि नवीकरण गरिएको छ ।

| प्रमाणपत्र नवीकरण | पुनः प्रमाणपत्र नवीकरण गराउनु पर्ने मिति | दस्तखत |
|---|---|---|
| | | |

आज्ञाले,
जीवनलाल सत्याल
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।